म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२ शुक्रबार १४ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 30 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

☞ सूचनाको हकको सम्मान र संरक्षण,
☞ सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
☞ सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
☞ खुला र पारदर्शी कार्यसम्पादन.

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडाको युवती हत्या प्रकरण

# 'असह्य पीडा'पछि छुटकारा खोजेकी एलिसाको घर झगडाकै दिन हत्या

## केटाले विवाहेत्तर सम्बन्ध लुकाए, दुबईबाट तीन महिनामै फर्काए

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/हेटौंडा उपमहानगरपालिका-१०, बसपार्कस्थित रत्न होटलमा २३ वर्षीया युवती एलिसा न्यौपानेको हत्या भएको पाँच दिन बितेको छ ।

प्रहरीले घटनाको अनुसन्धानलाई तीव्रता दिएको छ भने दोषिलाई कारबाही दायरामा ल्याउन मृतक एलिसा परिवारले दबाब बढाएको छ । साझाकुराको सम्पर्कमा आइपुगेका मृतक एलिसाको परिवारले दोषिलाई तत्काल पक्राउ गरी हदैसम्मको कानुनी सजायको माग गरेका छन् । हेटौंडा-११ सरस्वतीकी एलिसा न्यौपानेलाई होटलको कोठा नम्बर २०५ मा हत्या भएको भोलीपल्ट १० भदौ सोमबार बिहान ११ बजे मृत अवस्थामा फेला पारिएको थियो ।

मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले अनुसन्धानकै क्रममा रहेकाले हत्यामा संलग्नको परिचय खुलाएनन् । प्रभावकारी अनुसन्धान गरिरहेको बताउँदै दोषिलाई कानुनी कारबाहीमा ल्याउन प्रहरीले काम गरिरहेको उनले बताए । एलिसाको होटलमै हत्या भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रारम्भिक अनुसन्धानबाट पुष्टि भएको डिएसपी भण्डारीले जानकारी दिए ।

एलिसाको परिवारले उनका 'श्रीमान' भनिने हेटौंडा-४ कमलडाँडाका समिर खानले हत्या गरेको आरोप लगाएको छ । खान फरार छन् । समिर र एलिसा विगत ७-८ वर्षदेखि श्रीमान-श्रीमतीको रुपमा बस्दै आएको परिवारले जनाएको छ । समिरको भने पहिल्यै श्रीमती र बालबच्चा रहेको मृतक एलिसाका भिनाजु गणेशबहादुर खत्रीले बताए । १५ वर्षको उमेरमै एलिसाले समिरसँग भागेर विवाह गरेको खत्रीले बताए । उनकाअनुसार एलिसा र समिरको परिचय कसरी र कहाँ भयो ? भन्ने बारे अनविज्ञता देखाए । समिरको पहिल्यै श्रीमती र बालबच्चा रहेको कुरा एलिसालाई जानकारीमा नभएको खत्रीले दाबी गरेका छन् ।

मृतक एलिसाले पीडा सहन नसकेर श्रीमानबाट छुटकारा पाउन खोजेको बेला उनको हत्या भएको परिवारले उपलब्ध गराएको घरझगडाकै क्रममा खिचिएको भिडियो, अडियो र हत्यामा संलग्न आरोपितसँगको कुराकानीले देखिएको छ । एलिसा ९ भदौमा काठमाडौंबाट हेटौंडा फर्किएकी थिइन् । समिरले एलिसालाई घरमा लगेपछि झगडा परेको खत्रीले बताए । साझाकुरालाई प्राप्त भिडियो र अडियोमा एलिसाले समिरसँगको सम्बन्धबाट छुटकारा पाउन छलफलका लागि हेटौंडा आएको बताएकी छन् ।

एलिसाले घरझगडाकै क्रममा रुँदै भनेकी छन्, 'मेरो भिडियो, फोटो डिलिट गर । एउटी महिलाको जिन्दगी किन बर्बाद गर्छस् ? अझै मलाई मार्न रड जिउभित्र लुकाएर राख्ने, बन्दुक ल्याउने ?' छलफलकै क्रममा समिरले रड र बन्दुक देखाएको एलिसाको भनाईबाट बुझ्न सकिन्छ । 'म यही घरभित्र मर्छु । मेरो त जिन्दगी बर्बाद गरिसकिस्, मेरो भाइको जिन्दगी



बर्बाद नगरिदे ।' रुँदै एलिसाले भनेकी थिइन् ।

भिडियोमा आफूलाई समिरले कुटपिट गरेर रगताम्मे बनाएको बारे एलिसा रुँदै वेदना पोखिरहेको सुनिएकी छन् । एलिसाले भने समिरको उत्पीडन, हिंसाबाट बच्न हालको सम्बन्ध अन्त्य गरेर आफ्नो इच्छाअनुसारको जिन्दगी जिउन खोजेको घटनाक्रमले देखाएको छ । एलिसाले स्वतन्त्रता खोजेपछि समिरले भिडियो र फोटो देखाएर ब्ल्याकमेलिङ गर्दै आइरहेको भिडियोमा बुझ्न सकिन्छ । सोही विषयलाई लिएर एलिसाले भिडियो र फोटो डिलेट गर्न र जिन्दगीमा फर्किएर नआउने कुरा घरझगडाका क्रममा रुँदै व्यक्त गरेकी छन् । समिरले एलिसामाथि अर्को पुरुषसँग सम्बन्ध बनाएको आशंका गरेका थिए ।

९ भदौ दिउँस परिवारका सबैजना एकैठाउँमा बसेर छलफल भइरहेको भिडियोमा सुन्न सकिन्छ । भिडियोमा घरमा जानु अघि हेटौंडा-४, स्थित एक रेष्टुरेन्टमा बसेर कुराकानी हुँदा सामान्य विवाद भएको समिरले भनेका छन् । यतिकैमा छलफल झगडामा परिणत भएर समिरले एलिसालाई सोही दिन साँझ हेटौंडा बसपार्कको रत्न होटल ल्याएका थिए । घरझगडाको क्रममा समिरको आमाले 'यसलाई जहाँबाट ल्याएको त्यहीं लगेर मार्नु' भन्ने शब्द प्रयोग गरेकी छन् ।

अडियो र भिडियोका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले अनुसन्धान गरेर समिरकी आमा र श्रीमतीसँग सोधपुछ गरिसकेको डिएसपी भण्डारीले जानकारी दिए । 'सबै पक्षको अनुसन्धानबाट एउटा निश्कर्षमा पुग्छौं ।' उनले भने ।

### हत्यापछि एलिसाको भाइसँग कुराकानी

एलिसाको हत्या भएको दुई दिनसम्म अर्थात ११ भदौसम्म खानले एलिसाका १७ वर्षीय भाइ (नाबालक भएकाले परिचय गोप्य राखिएको)सँग सामाजिक सञ्जालमा कुराकानी गरेका थिए ।

कुराकानीका क्रममा आफूले जानीजानी नभई अञ्जानमै हत्या हुन पुगेको स्वीकार गरेका छन् । 'सरी, पाप भयो, मेरो सानो गल्तीले ज्यान गयो झगडा पर्दा, बाँकी अब कुरा चौकी जान्छु म आफैं ।,' उनले एलिसाका भाइसँग ह्वाट्सएपमा लेखेका छन् । आरोपित खानले होटलमा पुगेपछि सुरुमा राम्रो कुराकानी भएको र पछि पुराना कुरा निस्किएर झगडा परेको भनेका छन्, 'दुवैजनाबाट हात हालाहाल भयो, हान्दा खेरी ज्यान गयो । मैले कति उठाउन खोजें तर, ज्यान गइसकेको रहेछ ।' आरोपित खानले कुराकानीको क्रममा पटक-पटक प्रहरी कार्यालयमा उपस्थित हुने बताएका छन् ।

### समिर-एलिसा सम्बन्ध ?

एलिसा र उनका भाइ सानै हुँदा आमा दोस्रो विवाह गरेर गइन् भने बाबुको मृत्यु भएको थियो । एलिसाका भिनाजु गणेशबहादुर खत्रीका अनुसार आमाले दोस्रो विवाह गरेपछि बुवा मानसिकरुपले बिछिप्त भएर मादकपदार्थ सेवन गर्दै हिँड्ने क्रममा मृत्यु भएको बताए । खत्रीले अभिभावकविहीन भएपछि एलिसालाई ६ कक्षासम्म आफूले नै पढाएको बताए ।

समिरले विवाहेत्तर सम्बन्ध लुकाएर एलिसालाई मायाजालमा पारेको खत्रीले दाबी गरे । उनले भने-'एलिसाले मलाई उसको (समिर) अर्की श्रीमती र बालबच्चाको बारेमा थाहा नदिएको बताएकी थिइन् ।' समिरले विगतमा एलिसालाई घरमै लगेर राखेको र सुरुआती दिनमा दुई श्रीमती मिलेर बसेको खत्रीले बताए । यतिकैमा सम्बन्ध बिग्रिएपछि एलिसा र समिर बाहिरै छुट्टीएर बसेको उनले बताए ।

यसबीचमै समिर काठमाडौंमा वैदेशिक रोजगारीको 'एजेन्ट'को रुपमा काम गर्न थालेको र एलिसालाई दुबई पठाएको उनको भनाई छ । समिर दुबईसम्म पुगेर एलिसालाई तीन महिनामै फर्काएर ल्याएको खत्रीले जानकारी दिए । एलिसाले आफ्ना भाइसँग मात्रै नियमित कुरा गर्ने गरेकी थिइन् । 'मेरो परिवार भन्नु त्यही दिदी मात्रै हुनुहुन्थ्यो । अब मेरो भन्नु कोही छैन, दोषिलाई कडा कारबाही हुनुपर्छ ।' उनका भाइ भन्छन् । उनी हेटौंडामै एक सामाजिक संस्थामा आश्रय लिएर अध्ययन गरिरहेका छन् ।

# पहिलो महिनामै हेउमनपाको राजस्व संकलनमा कमी

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो एक महिनामा चार करोड ५० लाख १४ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

उपमहानगरका राजस्व शाखाप्रमुख मनोज सुवेदीका अनुसार गत साउनमा उपमहानगरले सम्पत्ति करबाट एक करोड ४४ लाख ८५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट एक करोड १८ लाख ७५ हजार, घरबहाल करबाट ५० लाख ६५ हजार, सिफारिस दस्तुरबाट ३३ लाख ४० हजार, बहाल बिटोरी करबाट १८ लाख ७८ हजार, व्यवसाय करबाट ४१ लाख २१ हजार र प्रशासनिक दण्ड जरिवाना र जफतबाट पाँच लाख ९६ हजार राजस्व संकलन भएको छ ।

यो अघिल्लो आव २०८०/८१ को साउनको तुलनामा २५ लाख ६२ हजार कम राजस्व संकलन भएको हो । आव २०८०/८१ को साउनमा उपमहानगरले चार करोड ७५ लाख ७६ हजार राजस्व संकलन गरेको थियो । चालु आव २०८१/८२ को पहिलो महिनामा व्यवसायीले कर वृद्धिको विरोधमा गरेको आन्दोलन, कबाडी संकलन तथा बिक्री कर लगाउन नसक्नुजस्ता कारण अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनामा कम राजस्व संकलन भएको प्रमुख सुवेदीले बताए ।

यस्तै विश्वव्यापी आर्थिक मन्दीका बाबजुद हेटौंडा उपमहानगरले आव २०८०/८१ मा लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सफल भएको थियो । उपमहानगरले आव २०८०/८१ मा ३० करोड ९४



लाख पाँच हजार राजस्व संकलन गर्ने लक्ष्य लिएकामा विभिन्न शीर्षकमा ३४ करोड सात लाख ६४ हजार छ सय ४० राजस्व संकलन गरेको छ ।

उपमहानगरले आव २०८०/८१ मा एकीकृत सम्पत्ति करबाट सात करोड ३० लाख २८ हजार, घरबहाल करबाट ६ करोड एक लाख ६८ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट पाँच करोड २३ लाख नौ हजार, बहाल बिटोरी करबाट दुई करोड ४९ लाख ७४ हजार, सिफारिस दस्तुरबाट तीन करोड ४१ लाख ९६ हजार, व्यवसाय रजिस्ट्रेसन दस्तुरबाट दुई करोड ३२ लाख ३१ हजार, नक्सापास दस्तुरबाट एक करोड ६ लाख ३० हजार, सरकारी सम्पत्ति बहालबाट पाँच लाख ८६ हजार, ढुंगागिट्टी बालुवा बिक्रीबाट ८० लाख र प्रशासनिक दण्ड जरिवानावापत ८६ लाख ७३ हजार राजस्व संकलन भएको राजस्व शाखाप्रमुख सुवेदीले बताए ।




**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# साबुनमा वनकरियाको अर्गानिक ब्राण्ड

वनकरिया समुदायले भाँडा माझ्ने, लुगाधुने र नुहाउने साबुन बजारबाट खरिद नगरी आफ्नै उत्पादन प्रयोग गरिरहेका छन् । घ्यूकुमारी, तितेपाती र नीमको पातबाट अर्गानिक साबुन उत्पादन गरी घरायसी प्रयोजनका साथै बिक्री पनि गरिरहेका हुन् । तीन दसक अघिसम्म फिरन्ते जीवन बिताइरहेका वनकरिया महिलाले एक वर्ष अघि घरेलु उद्योग दर्ता गरेर साबुन उत्पादन गर्न थालेका हुन् । गाउँघरमा पाइने जडिबुटीबाट अर्गानिक साबुन उत्पादन गर्न घरेलु उद्योगमा जोडिएका हुन् । मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा मात्रै बसोबास रहेको लोपोन्मुख सीमान्तकृत वनकरिया समुदायले घरेलु उद्योगकारुपमा उद्योग दर्ता गरेका छन् । उनीहरुले उत्पादन गरेका साबुन गाउँमा नै खपत हुने गरेको वनकरियाले बताएका छन् । वनकरिया चेपाङ महिला साबुन उद्योगको नाममा २५ जना वनकरिया वनकरिया मिलेर उद्योग दर्ता गरेका हुन् । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले उनीहरुलाई साबुन बनाउने तालिम दिएपछि आयआर्जनमा आफूहरु जोडिने अवसर प्राप्त भएको बताएका छन् । साबुन उत्पादन गर्नको लागि आवश्यक औजारसमेत मञ्चले उपलब्ध गराएको थियो ।

साबुनका लागि नीमको बोट आफ्नै बारीमा रोपेका छन् । घ्यूकुमारी पनि उनीहरुकै बारीमा छ । तितेपातीको जताततै पाइन्छ । तालिम दिएको संस्थाले फर्मा र साबुन बनाउन आवश्यक सामग्रीसहित दुई लाख रुपैयाँ बीउपूँजी उपलब्ध गराएको थियो । उनीहरुले साबुन बनाउन बुटवलबाट फर्मा ल्याएका थिए । साबुन बनाउन मिहेनत पर्छ, तितेपाती टिप्न जानु पर्‍यो, केलाउनु पर्‍यो पकाउनु पर्‍यो, भन्दै उनीहरुले काम गर्न भने तीब्र रुची देखाउन अझै सकेका छैनन् । यहाँ उत्पादन गरिएको साबुन घाउ खटिरा, चिलाउने समस्या भएका र छालाका रोगीलाई राम्रो हुने उनीहरुको बिश्वास छ । घ्युकुमारी, नीमको पात र तितेपातीको पेस्ट बनाएर, झन्डै एक घण्टा पकाएपछि त्यसलाई साबुन बनाउने फर्मामा हालिन्छ । मञ्चले समूहका लागि साबुन निर्माण गर्न पाँचवटा फर्मा दिएको थियो । सानो, मध्यम र ठूलो साबुन उत्पादन गरेका वनकरिया महिलाले प्रतिगोटा २० देखि ६० रुपैयाँसम्ममा साबुन बेच्ने गरेका छन् । तालिम दिन सहयोग गर्ने संस्थाले साबुन खरिद गरि दिने गरेको छ । साबुन खरिद बिक्रीको समस्या छैन किनभने मास प्रोडक्सन भएकै छैन । पालिकामा रहेका विभिन्न कार्यालय र गाँउमा मानिसले यही साबुन खरिद गर्ने गरेका छन् । त्यतिमात्र होइन, वनकरिया बस्तीका २२ घर परिवारले यही साबुन प्रयोग गर्छन् । लगानी पुँजी न्यून भएकाले उत्पादन पनि न्यून हुने गरेको छ । साना किसान कृषि सहकारी, राष्ट्रिय आदिवासी महिला मञ्चले साबुन किनिदिएको छ ।

स्थानीय बजारमा विस्तारै पहुँच बढाउँदै छन् उनीहरु । उनीहरु अहिले बसोबास गरिरहेको क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रको कबुलियती वनक्षेत्र हो । उनीहरुको जीवनलाई सहज बनाउन सरकारले २०६२ सालमा मुसेधापस्थित कबुलियती वन उनीहरुलाई २० वर्षका लागि सम्झौता गरेर उपलब्ध गराएको थियो । शाही गृहमन्त्री कमल थापाले पहिलोपटक वनकरिया समुदायका १४ जनालाई मोटल एभोकाडामो बोलाएर २०६१ मा नेपाली नागरिकता प्रदान गरेका थिए । मुसेधापमा अहिले २२ घरपरिवारमा ९३ जना वनकरिया बसोबास गर्दै आएका छन् । वनकरिया समुदायका ६ जनाले स्थानीय पशुपतिनाथ माविबाट प्रबेशिका/एसईई परीक्षा उत्तीर्ण गरेका छन् । पम्फा, सन्तोषी, अनिलले प्राबिधिक विषय अध्ययन गरेका छन् । पशुपतिनाथ माविमा अहिले १४ जना वनकरिया बालबालिका अध्ययन गरिरहेको विद्यालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र १५ गते शनिबार ३१ अगष्ट २०२४ । त्रयोदशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:४२, सूर्यास्त ६:२४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# चौरासीमा नयाँ वैकल्पिक शक्ति आउला ?



✍ कपिल काफ्ले

गाईजात्रा महोत्सव भर्खरै सकिएको छ । देशमा बिस्तारै तीजको लहर शुरु भएको छ । चाड-पर्वको सघन उपस्थिति बढ्दो छ । साथमा राजनीतिक परिवर्तनको पनि प्रसंग छ, तर तयारी देखिन्न । राजनीतिक सत्ता परिवर्तन त निकै ठूलो कुरो होला, माओवादीले एक दशकसम्म हतियार उठाउँदा र १७ हजार नेपालीले अकालमा ज्यान गुमाउँदा पनि पूर्णरुपमा परिवर्तन हुन नसकेको सत्ता सामान्य चेतनामूलक गतिविधिका कारण परिवर्तन भइहाल्ने सम्भावना देखिन्न, तर आजैदेखि बुद्धि पुऱ्याउने हो भने तीन वर्षपछि हुने आमचुनावले सरकार परिवर्तन गर्न सक्छ । सत्ताधारी बन्दै आएका एमाले, नेका र माओवादी केन्द्रलगायतका पुराना राजनीतिक दलको व्यवहार हेर्दा उनीहरुको विकल्पमा नयाँ राजनीतिक शक्ति सरकारमा आउनु आवश्यक पनि देखिएको छ । तर तयारी देखिन्न ।

लोकतान्त्रिक भनिएका र मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउनका लागि भूमिका खेलेका यी राजनीतिक दलको व्यवहार धेरै ठाउँमा अधिनायकवादी देखिएको छ । यी दलका नेताहरु भ्रष्टाचार गर्छन्, तर भ्रष्टाचारी भनेर कसैले आलोचना गऱ्यो भने आलोचकलाई धूलीसात बनाउँछन् । कुनै महिला अघि सरेर नेताले यौन दुर्व्यवहार गऱ्यो भनी भने पनि नेताविरुद्ध कारबाही हुन्न, बरु उजुरीकर्ता जेलमा पर्छे । होटेलमा भात खाने ग्राहकले कुनै लहडमा नेताको आलोचना गऱ्यो, संयोगले ऊ सरकारी कार्यालयको कर्मचारी पऱ्यो भने आलोचना सुन्ने नेताले उसलाई अत्यन्त दुर्गम अनकन्टारमा सरुवा गराउँछ र त्यहाँ पनि आफ्ना कार्यकर्ता लगाएर भ्रष्टाचारी साबित गराउँदै पीडा दिन्छ । निर्वाचनका बेला दिएका वचन पूरा नगर्नु त कुनै ठूलो कुरा भएन, तस्करीको नाइके भएका नेतालाई पनि आफ्नो बढी दुर्दशा नहोस् भन्ने जनताले धनुषटंकार नमस्कार गरिरहनुपर्छ । नत्र जनताले 'म यो प्यारो मातृभूमि छोडेर विदेश पलायन हुन्छु, यहाँ मेरो केही सीप लागेन, सानो सिफारिस पत्रसम्म बनाइदेऊ' भन्दा पनि नेताहरुले कृपा गर्दैनन्, उल्टो दुःख दिन्छन् ।

निष्कर्ष हो, पुराना राजनीतिक दल र यसका नेताहरु अराजक र अधिनायकवादी भए । जति सुन्दर सिद्धान्त देखाउँदै उनीहरु सरकारमा पुगेका भए पनि, उनीहरुको दैनिक अभ्यास लोकतान्त्रिक भएन । पारदर्शिता, सुशासन, इमानदारी, जनताका लागि त्याग आदि लोकतान्त्रिक मन्त्रहरु चिहानघारीमा दबाइए । त्यसैले नयाँ शक्ति आउनुपर्छ । नीति र व्यवहार दुवैमा भ्रष्टाचारविरोधी चरित्र देखाउन सक्ने उम्मेदवारलाई जनताले मतदान गर्न पाउनुपर्छ । यसका लागि आफूलाई नयाँ शक्ति ठान्ने राजनीतिक दल र पात्रहरुले एकीकृतरुपमा जनतासामु प्रस्ताव लिएर जानु आवश्यक देखिन्छ ।

अहिले सम्भाव्य नयाँ वैकल्पिक शक्तिप्रति एमाले, नेका र माओवादी केन्द्र र यसका नेताहरु असहिष्णु भएका उदाहरण यत्रतत्र देखिन्छन् । हालै सकिएको गाईजात्रा महोत्सवमा पुराना राजनीतिक दलका नेताहरुले कलाकारलाई नै प्रभावमा पारेर वा दुरुपयोग गरेर भ्रष्टाचार विरोधी नयाँ शक्तिलाई गाली गरेको देखियो । बालेन शाह, हर्क साम्पाङजस्ता आमजनताका आशाका किरणहरुलाई गाली गर्ने दुस्प्रयास भयो । सत्ताधारी दलहरुको प्रशंसा र आमजनताको मन जित्दै उदीयमान अवस्थामा रहेका शक्तिहरुलाई जबरजस्ती गाली गरेर दर्शक हँसाउने प्रयास गरियो । यद्यपि यस्ता प्रायोजित कार्यक्रम नामका मात्र प्रहसन साबित भए, कोही हाँसेको देखिएन ।

नयाँ शक्तिप्रति सत्ताधारी राजनीतिक दल कति अनुदार र अधिनायकवादी व्यवहार देखाउँछन्, उदाहरण हेर्न गाईजात्रापछि तीजतिर लाग्नु आवश्यक छ । पोखराकी गायिका एवं साहित्यकार चन्द्रावती वाग्ले नामका सामान्य व्यक्तिमाथि पुरानो सत्ताले गरेको कारबाही एक उदाहरण साबित भएको छ । आफ्नै युट्युब च्यानल 'चन्द्रावती वाग्ले' बाट उनले काठमाडौँका मेयर बालेन शाहको कामको प्रशंसा गर्दै तीज गीत निकालिन् । तर, पोखरा महानगरपालिकामा सानो पदमा काम गर्दै आएकी चन्द्रावतीलाई गीतकै कारण अपायक ठाउँमा सरुवा गरेर दुःख दिएको उनको दाबी छ । 'चारैतिर बालेनको चर्चा चुलियो' जस्ता शब्दावलीको प्रयोग भएको यो गीतकी रचनाकार पोखरा महानगरपालिका सामाजिक विकास शाखामा कार्यरत सातौं तहकी कर्मचारी हुन् । सहायक सूचना अधिकारीको समेत जिम्मेवारी सम्हालेकी उनले नै सरुवाको कारण थाहा पाउने सूचनाको हकबाट वञ्चित हुनुपरेको छ । गत १८ साउनको सरुवापत्र आएको बताउने वाग्लेको पोखराकै दुर्गम मानिने वडा २३ मा सरुवा भएको छ । सरुवा नियमित प्रक्रिया हो भनेर घटनालाई सामान्य बनाउन खोज्ने पुराना राजनीतिक दलका कार्यकर्ताहरुले बुझ्नुपर्ने सत्य के छ भने, उनी महानगरपालिकामा सरुवा भएको केही महिना मात्र भएको थियो । उनले बालेनको गीत गाएपछि पूर्वाग्रही ढंगले सरुवा भएको दाबी मात्र गरेकी छैनन्, पोखराकै सुगम वडा छैटौं तहको कर्मचारीको भरमा चलेको छ, दुर्गममा किन सातौं तहको कर्मचारी वडासचिव हुनुपर्ने भनेर प्रश्न गरेकी छन् । खासमा महानगरको कर्मचारी कार्यविधिमा सरुवा भई आएको एक वर्षभित्र अर्को सरुवा नहुने भनिएको छ । यहाँ चन्द्रावतीको तीन महिनामै सरुवा भएको देखिन्छ ।

नेपालको राजनीतिमा नयाँ शक्ति को हो, कुनै दलले नयाँ शक्ति भनेर आफूलाई दाबी गर्न के आधारभूत पक्ष पूरा गर्नुपर्छ भन्ने सवाल महत्वपूर्ण हुन आउँछ । वास्तवमा कसैले 'नयाँ शक्ति' भन्ने 'ट्याग' जोड्दैमा ऊ वैकल्पिक शक्ति हुन सक्तैन । रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी जुन नयाँ तरिकाले प्रकट भयो, तरिका हेर्दा ऊ नयाँ देखियो । लोकप्रिय र स्वच्छ छविका नेताका रुपमा परिचित डा. बाबुराम भट्टराईको नेतृत्वमा २०७३ सालमा गठित नयाँ शक्ति पार्टी पुराना राजनीतिक दलको व्यवहार मन नपराएर फराकिलो र स्वच्छ आकाश खोज्दै आएका विभिन्न दलका नेता तथा कार्यकर्ताबाट बनेको दल नयाँ शक्तिका रुपमा प्रकट भएको थियो । यसले भ्रष्टाचारमुक्त नेपाल निर्माणमा योगदान दिने आश पनि पलाएको थियो । तर उनासीको निर्वाचनमा पुग्नअघि नै सत्तामा जसरी पनि पुगिहाल्ने हतारोका कारण नामका बाबजुद 'नयाँ शक्ति' पुरानो शक्ति बन्न पुग्यो । अहिले 'भिजनरी' नेता भट्टराईकै नेतृत्वमा नेपाल समाजवादी पार्टीले नयाँ राजनीतिक शक्तिको अभ्यास गर्दै छ । नेतृत्वको विशाल टाउको तर शरीर स्याप्पै सुकेको अवस्था छ । नेसपाको पार्टी संगठन विस्तार हुन सकेको छैन । भ्रष्टाचार र कमिसनको जगमा नेपालमा दल बन्ने र नेतृत्वमा पुग्ने अभ्यासले जरा गाडेका कारण डा. भट्टराईको स्वच्छ छवि नै समस्याको विषय बनेको छ । स्वच्छ छविकै कारण पार्टीको शरीर सुकेनास लागेजस्तो भएको छ । गौंडागौंडामा भ्रष्टाचारी छन्, यही कारणले डा. भट्टराई चौतर्फी घेराबन्दीमा परेका देखिन्छन् ।

पुराना पार्टीको अवस्था भने ठीक विपरीत छ- शरीर ठूलो टाउको सानो । एमाले पार्टी, संगठन र मत संख्या दुवैको हिसाबले जेठो पार्टी हो । तर, विनासंवैधानिका आधार दुई-दुईपटक संसद् विघटन गरेपछि अध्यक्ष केपी शर्मा ओलीको व्यक्तित्व सुकेको छ । त्यसै गरी नेपाली कांग्रेस पनि मत संख्या र सांसदको हिसाबले र सत्ताधारी भएको हिसाबले प्रभावशाली देखिन्छ । तर, पार्टीभित्रकै महामन्त्रीहरुको जत्तिको व्यक्तित्व पनि पार्टी सभापति शेरबहादुर देउवाको छैन । त्यसै गरी, अर्को शक्तिशाली दल माओवादी केन्द्रको नेतृत्वलाई पार्टीभित्रकै जनार्दन शर्माले भुल्याइसकेका छन् ।

नेकामा नेतृत्वको आलोचना सामान्य भए पनि कम्युनिस्ट पार्टीमा यस प्रकारको अभ्यास खतरनाक मानिन्छ । खतरनाक अभ्यास पनि कम्युनिस्ट पार्टीमा हुन्छ भने नेतृत्वको कमजोरी प्रमाणित हुन्छ नै । त्यस्तै, रास्वपा जति तीव्र गतिले उम्रियो उस्तै गतिले पतन हुने क्रममा छ । राप्रपा जो गणतन्त्रको स्थानमा राजतन्त्र स्थापनाको विचार राख्छ, उसले झन् नयाँ शक्तिको वकालत गर्ने कुरै भएन । गणतन्त्रका पक्षधरको कार्यशैली, व्यवहार र गलत नेतृत्वका कारण देशको सामाजिक, राजनीतिक र आर्थिक व्यवस्था जुन तहसनहस हुन पुग्यो र गणतान्त्रिक शक्तिहरु जसरी बदनाम भए, त्यसले अझ नयाँ शक्तिको खोजतिर जनतालाई आकर्षित त गर्छ तर पुरानो सामन्ती चिन्तननतिर लान सक्तैन ।

निष्कर्ष के हो भने, राजनीतिक नयाँ वैकल्पिक शक्तिको पहिलो पहिचान भ्रष्टाचार मुक्त व्यवहार हुनुपर्छ । नीतिमा मात्र भ्रष्टाचार विरोधी भएर पुग्दैन, व्यवहारमा भ्रष्टाचारमुक्त पहिचान चाहिन्छ । पछिल्लो समय बालेन शाह, हर्क साम्पाङलगायतले यस प्रकारको छवि बनाएका छन् । पुराना नेतामा डा. बाबुराम भट्टराई स्वच्छ छविका विचारवान् नेता हुन् । डा. भट्टराईलाई संरक्षक बनाएर बालेन, हर्कहरु एक मोर्चामा आबद्ध भई आए भने जनताले पत्याउने सम्भावना छ । त्यसलाई जनताले नयाँ वैकल्पिक शक्तिका रुपमा सम्मान दिन सक्छन् । रास्वपाभित्र त्यसका अध्यक्ष रवि लामिछानेमाथि मात्र भ्रष्टाचारको छिटा परेको हो, स्वर्णिम वाग्लेसहितको ठूलो संख्या त्यहाँ पनि स्वच्छ छ । यस्ता स्वच्छ छविका व्यक्तिहरु एकीकृत बनेर नआएसम्म पुराना शक्तिलाई सत्ताबाट तल झार्न सकिन्न । ढिला नगरी मसक्क आँट गर्नु आजको आवश्यकता मात्र होइन, हतारो पनि हो ।

बाबुरामदेखि विप्लवसम्मका सबै शक्ति वैकल्पिक मोर्चाबन्दीका लागि उपयुक्त सदस्य हुन सक्छन् । बालेनदेखि स्वर्णिमसम्मका युवा शक्तिलाई यसका सदस्य बनाउनु आवश्यक देखिन्छ । त्यस्तो मोर्चाको नेतृत्व, कार्यसञ्चालन शैली, सदस्यहरुको व्यवहार सबै नयाँ हुनु भने आवश्यक छ । नाम नयाँ शक्ति भन्ने तर कार्यशैली पुरानै अपनाउने गर्दा जनविश्वास प्राप्त हुने सम्भावना रहन्न । यस मोर्चामा माधव नेपाल, उपेन्द्र यादव, सिपी मैनाली, नारायणमान बिजुक्छेजस्ता शक्तिलाई नेतृत्वमा आउन दिनुहुन्न । परिस्थिति यति धेरै गम्भीर बनिसकेको छ कि अब पुरानै तरिकाबाट नयाँ परिणाम खोज्नु असम्भवजस्तै बनिसकेको छ ।

मिसन चौरासीको मार्गचित्र तयार पारेर अघि नबढ्ने हो भने देशव्यापीरुपमा बलियो गरी संगठन बनाएका एमाले, नेका र माओवादीको विकल्पमा खडा हुन सम्भव देखिन्न । यतिखेर मिसन चौरासीका लागि कोही प्रभावशाली व्यक्ति संयोजक बनेर प्रस्तावित मार्गचित्रका साथ वैकल्पिक शक्ति र व्यक्तित्वको घर-घरमा परामर्शका लागि यात्रा थाल्नु आवश्यक छ । अन्यथा एमाले, नेका, माओवादी केन्द्रजस्ता पुराना शक्तिका नेता तथा कार्यकर्तालाई हँसाउने काम मात्र हुनेछ । उनीहरु नयाँ शक्तिसँग दुई कारणले डराएका छन्, एक बाबुराम, बालेन, हर्कजस्ता व्यक्तिहरु भ्रष्टाचार गर्दैनन्, घूस खाँदैनन्, दोस्रो पुराना शक्तिहरु विनाभ्रष्टाचार बाँच्न सक्तैनन् । यस चुनौतीको समाधान गर्न उनीहरुले कि त नयाँ शक्तिलाई घूस खान लगाउनुपर्छ, कि त आफैं भ्रष्टाचारको दल-दलबाट बाहिर निस्कन सक्नुपर्छ । दोस्रो काम होस् वा नहोस्, पहिलो काम भने कदापि हुनुहुन्न । किनभने नयाँ शक्ति नै आम नेपालीका लागि सम्भावनाको अन्तिम आधार हो । उही भ्रष्टाचारी भयो भने निराशाले सगरमाथा छुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# विदेशी लगानी भित्र्याउने गफै बढी

✍ प्रा.डा गान्धी पण्डित

वैदेशिक लगानी भित्र्याउने कुरा धेरै हुन्छन् । हरेक सरकारले यो कुरा भन्ने गरेका छन् । विदेशी लगानी ल्याउने कुरा नेपालको चाहनाले मात्र हुँदैन । विश्व बजारमा धेरै विकसित र धनी देशहरू छन्, तीबाट लगानी ल्याउने हो । उनीहरूले लगानी गर्दा सीप र पुँजी दुवै लिएर आउँछन् । लगानीकर्ताले आफ्नो लगानी सुरक्षाको साथै मुनाफा बढी हुने क्षेत्र खोज्छन् । हामीजस्तो विकासोन्मुख देशलाई विदेशी लगानी चाहिन्छ ।

विदेशी लगानी आउँदा प्रविधि, सीप र सिस्टम पनि आउँछ । अनि उसले आफ्नो उत्पादन विश्व बजारमा पुर्‍याउँछ । नेपालमा उत्पादित वस्तुलाई कसरी विश्व बजारमा लैजाने भन्ने उसले सिकाउँछ । यद्यपि विदेशी लगानी संरचनात्मक विकासमा लगाउनुपर्छ । सडक, विद्युत्, रोप-वे, रेल आदि पूर्वाधार क्षेत्र, जसमा अर्बौं लगानी गर्नुपर्छ । विदेशी लगानीकर्ता गोजीमा पैसा मात्र लिएर आउँदैनन्, परियोजनामा २० प्रतिशत आफूले लगानी गर्छन् भने ८० प्रतिशत विदेशी बैंकहरूको लगानी भित्र्याउँछन् ।

उन्नत टेक्नोलोजी भित्रउँदै उसले केही कमाएर लैजान्छ, तर यसरी कमाएर लग्यो भनेर कस्ने हो भने देशले तीव्र र ठुलो पुँजीगत विकास गर्न सक्दैन । विदेशी लगानीकर्ताले आफ्नो लगानी अघि यहाँको सुरक्षा, स्थिरता र यहाँबाट नाफा लैजान कति सहज छ भनेर अध्ययन गर्छन् । यो पाटोमा हामी कमजोर छौं ।

**लगानी सम्मेलन नाटक मात्र**

नेपालले पटक-पटक लगानी सम्मेलन गर्ने गरेको छ । यो कुरा सबैलाई जानकारी छ । यसरी हुने लगानी सम्मेलन कति सफल भए भनेर सरकारले भनेको मैले आजसम्म सुनेको छैन । मेरो विचारमा लगानी सम्मेलन भनेको नाटक मात्र हो । हामीसँग कानुन पर्याप्त छन् । बृहत्तर रूपमा विदेशी लगानी आउने कानुन भने छैनन् । साना (अर्बसम्मका) परियोजनाका लागि हाम्रा कानुन पर्याप्त छन् ।

ठुलो लगानीमा 'प्रोजेक्ट फानान्सिङ' भन्ने हुन्छ । यसमा परियोजना बनाउनेले आफूले २० प्रतिशत लगानी गर्छ भने बाँकी ८० प्रतिशतमा विदेशी बैङ्किङ संस्थाको लगानी हुनुपर्छ । जस्तो : १० अर्बको परियोजना बन्यो भने त्यसको २० प्रतिशत परियोजना बनाउनेले हाल्छ भने बाँकी ८० प्रतिशत फाइनान्स नै गर्ने हो । यो बाटोमा हालसम्म हामी गएका छैनौं ।

हामीकहाँ सरकारी तहमा लगानी भयो तर निजी तहमा लगानी भएको छैन । लगानी गर्नेहरूले देशको रेकर्ड पनि हेर्छ । दुःखद कुरा नेपालको रेटिङ छैन । हामी 'रेड फ्ल्याग'मा छौं । हामीकहाँ लगानी गर्दा रिस्क बढी छ । नेपालमा विदेशी लगानीलाई सौताको व्यवहार गर्ने गरिएको छ ।

यही कारण विदेशी लगानी सम्मेलन नाटक मात्र हो । दुई-चार दिन टीभीमा अनुहार देखाउने अनि पार्टी गर्ने मात्र हो । २० करोडसम्म खर्च गरेर लगानी सम्मेलन गर्ने, कानुन चाहिँ नल्याउने, अनि कसरी विदेशी लगानी आउँछन् ? कानुनीबाहेक पनि समस्या छन् । हाम्रो कर्मचारीतन्त्रले निर्णय नै गर्दैनन् ।

काम गरे यहाँ भ्रष्टाचार मुद्दा लाग्छ, नगरी चुप लागेर बसे केही लाग्दैन । यसको एउटा उदाहरण भनेको केटीभी भन्ने आईटी कम्पनीमाथि दायर भएको मुद्दा हो । यसमा सुरुमा शून्य भ्याट भनी काम दिइयो, तर १० वर्षपछि १३ प्रतिशत भ्याट लाग्छ भनेर निर्धारण गरियो । यसले त हाम्रो नीति दोहोरो देखियो । यस्तो दोहोरो नीतिमा लगानीकर्ता बस्दैनन् । यो मुद्दाले आईटी क्षेत्रमा नयाँ लगानी नआउने सम्भावना बढायो ।

**टेलिकममा लगानी धेरै, समस्या उस्तै**

नेपालमा वैदेशिक लगानीको सफल उदाहरण हेर्ने हो भने त्यो टेलिकम क्षेत्रमा देखिन्छ । एनसेलको लगानी उदाहरण हो । मोबाइल टेलिफोनमा हेलो वा मेरो मोबाइल जसरी प्रवेश गर्‍यो, यो सफल पनि भयो । यो राम्रो हुनुमा नयाँ टेक्नोलोजी नै हो ।

यो नआउँदासम्म हामीले एउटा टेलिफोन लिन ५० हजार खर्च गर्नुपर्ने थियो भने मोबाइल पाउन लामै कसरत गर्नुपर्ने थियो, तर यो आएपछि सस्तो र सहजै मोबाइल पाउने र बोक्न सक्ने भयौं । यसले ३५-४० अर्ब वर्षको कर तिर्नेदेखि रोजगारी पनि बढाउने काम गरेको छ । यसले गाउँ-गाउँमा रोजगारीका साथै सहजता पनि ल्याएको छ ।

पहिला एउटा गाउँबाट अर्को गाउँ खेताला खोज्दा दिनभरि हिँड्नुपर्ने थियो, अहिले एक मिनेटमा एक कल गरेरै थाहा हुने त एनसेल आएपछि नै भएको हो । त्यस्तै नेपाल टेलिकमले पनि त्यस्तै गरी मोबाइल विस्तार गरेको छ । यसले जनताले सेवा र सुविधा पनि पाएका छन् । त्यस्तै राज्यले दुवै टेलिकमबाट एक खर्बभन्दा धेरै राजस्व उठाउन पाएको छ । यसले सेवासँगै राज्यलाई रकम समेत दियो ।

यो सफल भएर नेपाल लगानीका लागि भर्जिन रहेछ भन्ने पनि भएको थियो, तर बिस्तारै यसलाई भत्काउने काम भयो । टेलिसोनेरा हिँड्यो, एजिएटा भाग्नुपर्ने भयो । श्रीलंका, बंगलादेश लगायत देशमा लगानी गरि रहेका देश किन कमाउन छाडेर भागे त ? यसरी भाग्ने काम त यहाँको भ्रष्ट राजनीतिक पद्धति र गलत कर्मचारीको व्यवहारले हो । टेलिकमको क्षेत्रमा हरेक वर्ष नयाँ-नयाँ प्रविधि आउँछन् । यसले त्यसलाई अपग्रेड गरिरहनुपर्छ । एनसेलको हकमा पनि यो लागू हुन्छ ।

अहिले एनसेल थप लगानी नगर्ने पक्षमा भएको मैले सार्वजनिक सञ्चारमाध्यमबाटै सुनेको छु । २०८८ सम्म उनको लाइसेन्स बाँकी छ भने उसले किन अर्बौंको लगानी गर्छ, पक्कै गर्दैनौं । भएकालाई कसरी हुन्छ चलाउने मात्र सोच्छ । टेलिकम सेक्टरमा पाँच वर्षमा अनुमति नवीकरण नगरे स्वतः नेपाल सरकारको नाममा आउँछ । एनसेलको हकमा पनि यही हुने हो, तर यहाँ पछिल्लो समय हरेक विदेशी कम्पनीलाई दुःख दिने काम भइरहेको छ । डाबर, युनिलिभर र कोकाकोलाको हकमा पनि यस्तै समस्या आइरहेको छ ।

**एनसेलको विवाद कसरी समाधान गर्ने ?**

अहिले एनसेलको अनुमतिपत्र नवीकरणको विवाद जारी रहेको छ । विगतमा एकपटक किस्तामा सुविधा दिने निर्णय भएको रहेछ । यो नेपाल टेलिकमको हकमा बक्यौता तिर्न नसक्ने भएपछि मन्त्री परिषद्ले यस्तो निर्णय गरेको रहेछ ।

सरकारले २०६८ सालमा पाँच वर्षमा अनुमतिपत्र नतिरेको हकमा सरकारले यस्तो निर्णय गरेको थियो । एकमुष्ट रकम तिर्दा कर्मचारीको तलब लगानीमा समस्या हुने भएकाले किस्ताबन्दीमा लिने र उक्त सुविधा एनसेलको हकमा पनि दिइने भनिएको थियो ।

उक्त सुविधा अनुसार नेपाल टेलिकमको अनुमतिपत्र नवीकरण हुँदै आएको थियो । २०७५ सालमा आएर सरकारले हरेक वर्ष नवीकरण शुल्क लिने निर्णय लियो । २०७५ देखि ८० सम्म २० अर्ब तिर्नुपर्ने भएपछि २१ अर्ब दिनुपर्ने र किस्ता बन्दीमा तिर्ने सुविधा दियो । एनसेलको हकमा अहिले नै ६ अर्ब तिरेको छ रे । तर नेपाल दूरसञ्चार प्राधिकरणले २० अर्ब नै एकमुष्ठ बुझाउन ताकेता गर्दै आएको मैले सार्वजनिक सञ्चारमाध्यममा पढें ।

यसले त वैदेशिक लगानी रोक्ने र दुःख दिने नियत मात्र देखियो । अहिले आएर यसरी अचानक किस्ताबन्दीमा तिर्न मिल्दैन भनी के बाध्यता आयो भनी हेर्नुपर्ने देखिएको छ । म एनसेलको पक्षमा होइन तर सुविधा सबैलाई समान रूपमा दिनुपर्छ । कानुनको आँखामा सबै बराबर छन् । पक्षपात कसैलाई पनि नगरौं । नेपाल टेलिकमलको हकमा किस्ताबन्दीको सुविधा दिइएको छ, तर एनसेललाई नदिने हुँदैन ।

यसका पछाडि दुईवटा कारण देखिन्छ । टेलिकम क्षेत्रमा कि बिचौलिया प्रवेश गर्न खोज्दैछन् कि त हलो हड्काएर दुःख दिने नियतले काम गरिरहेको छ । सरकारले यो समस्या समाधान गर्ने सहज विकल्प भनेको बैंक ग्यारेन्टी लिएर ब्याजसहित हिसाब गरेर किस्ताबन्दीमा बुझाउने सुविधा दिनु उपयुक्त हुन्छ ।

एनसेलको अनुमतिपत्र सकियो अनि पैसा तिरेन भने बैंक ग्यारेन्टी सरकारले खिचे हुन्छ । नत्रभने अनुमतिपत्र सकिने अवधि अघिसम्म तिर्ने सुविधा दिनु उपयुक्त नै हुन्छ । विदेशी लगानीलाई स्वागत गर्न पनि जान्नुपर्छ । नत्र विदेशी लगानी असुरक्षित हुन्छन् । विदेशी लगानी नारामा मात्र होइन, व्यवहारमै लागु गर्न खुकुलो नीति बनाउनुपर्छ र काम गरिरहेको कम्पनीलाई दुःख दिने काम गर्न हुँदैन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले यसमा चासो दिएर काम गर्नुपर्छ । सरकारले कर असुल गर्ने कुरा एक रुपैयाँ पनि छाड्न हुँदैन तर उनीहरूलाई दिने सुविधा पनि दिनुपर्छ । एनसेलसँग २० अर्ब लिनुपर्नेछ भने पाँच वर्षको ब्याज समेत हिसाब गरेर असुल गरे हुन्छ ।

*(साभार: रातोपाटी)*

# सीडीओ हुने लक्ष्य राखेका अर्याल बने मुख्यसचिव



काठमाडौं/स्याङ्जाको पुतलीबजारमा जन्मे हुर्केका एकनारायण अर्याल १० कक्षामा पढ्दा बुवाका साथ लागेर जिल्ला प्रशासन कार्यालय पुगेका थिए, त्यतिबेला तत्कालीन 'सीडीओ' (प्रमुख जिल्ला अधिकारी)को रवाफ र सम्मानलाई देखाएर उनका बुबाले भनेका थिए, 'राम्रो पढेर सीडीओ बन्नुपर्छ है छोरा ।'

त्यही बेलादेखि हो, अर्यालले सीडीओ बन्ने सपना देख्न थालेको । त्यही सपनालाई पछ्याउँदै सरकारी जागिर खान थालेको ३५ वर्षमा उनी सीडीओ मात्रै भएनन्, सचिव हुँदै मुख्यसचिव बन्ने अवसर पाएका छन् ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेसँगै उनी निजामती प्रशासनको सर्वोच्च पदमा पुगेका छन् । उनी अब ३ वर्ष यो पदमा रहेर नेपालको कर्मचारी संयन्त्र हाँक्नेछन् ।

उनी स्याङ्जाको किसान परिवारमा जन्मिएका हुन् । स्याङ्जामा विद्यालय शिक्षा पूरा गरेर पोखराको पृथ्वीनारायण क्याम्पसमा कानुन विषय लिएर पढाइ अगाडि बढाए ।

उनी पहिलो पटक नायब सुब्बाका रुपमा ४ माघ २०४६ मा सरकारी सेवामा प्रवेश गरे । शाखा अधिकृतदेखि सहसचिवसम्म उनी फाइल बढुवा कुरेनन् । सुब्बाबाट नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहको शाखा अधिकृतमा नाम निकाल्न ५ वर्ष लाग्यो । ४ फागुन २०५१ मा उनी शाखा अधिकृत भए । उनले अधिकृतका रुपमा तत्कालीन पर्यटन तथा संस्कृति मन्त्रालय, निर्वाचन आयोग, वन मन्त्रालय लगायतका निकायमा काम गरे ।

त्यसको सात वर्षपछि उनले उपसचिवमा नाम निकाले । ६ माघ २०५८ मा उपसचिव बनेका अर्याल १९ फागन २०६७ मा सहसचिव भए । सहसचिवका रुपमा नाम निकालेपछि उनी प्राय: आकर्षक पदहरुमा नै रहे र सानोमा राखेको लक्ष्य हासिल गरे ।

तनहुँ, मकवानपुर र काठमाडौंको सीडीओ बने । काठमाडौंको सीडीओ रहेका बेला मोरङमा सरुवा भएपछि उनी जान चाहेनन् । गृह मन्त्रालयमा कर्मचारी प्रशासन महाशाखा प्रमुख र कोलकातास्थित नेपाली महावाणिज्य दूतावासमा महावाणिज्यदूतका रुपमा समेत काम गरे ।

उनी १८ फागुन २०७६ मा सचिवमा बढुवा भए र, सचिवका रुपमा काठमाडौं महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा पदस्थापन भए । त्यसपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र गृह मन्त्रालयमा सचिवका रुपमा काम गरे ।

निजामती करियरमा नेकपा एमाले सत्तामा रहँदा आकर्षक अवसरहरु पाएकाले उनी प्रधानमन्त्री केपी शर्मा ओलीसँग निकट सम्बन्धमा थिए । गत ९ असारमा तत्कालीन मुख्यसचिव डा. वैकुण्ठ अर्यालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेपछि १० असारमा सरकारले उनलाई राष्ट्रिय योजना आयोगमा मुख्यसचिवसरहको पद सिर्जना गरेर सरुवा गरेको थियो ।

त्योसँगै नयाँ मुख्य सचिवका लागि दौडधुप सुरु भएको थियो । त्यतिबेला माओवादी नेतृत्वको सरकार भएकाले मुख्य सचिवमा अर्यालको भन्दा बढी सम्भावना सचिव रामकृष्ण सुवेदीको थियो । पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले नयाँ मुख्य सचिव नियुक्ति नगरी गड्तौलालाई काम मुख्य मुख्यसचिवको जिम्मेवारी दियो । असार अन्तिममा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने ।

सत्ता गठबन्धन परिवर्तन भएलगत्तै अर्याल मुख्य दाबेदारका रुपमा हेरिएका थिए । तर, नयाँ सरकारले छोटो कार्यकाल भएकी गड्तौलालाई १० साउनमा मुख्य सचिव बनाएपछि अर्यालको सम्भावना झन् बलियो भएको थियो । शुक्रबार नवनियुक्त मुख्यसचिव अर्याललाई पद हस्तान्तरण गरेर गड्तौला ५८ वर्षे उमेरहदका कारण सिंहदरबार बाट बिदा हुनेछिन् ।

हाल गृह सचिव रहेका अर्याल सचिवहरुको वरियतामा चौथो नम्बरमा थिए । राष्ट्रिय योजना आयोगका सचिव तोयानारायण ज्ञवाली पहिलो, सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव रामकृष्ण सुवेदी दोस्रो र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव दिनेश भट्टराई तेस्रो वरियतामा थिए ।

तर, चौथोनम्बरमा रहेका अर्याललाई मुख्यसचिव बनायो । निजामती सेवा ऐन २०४९ को दफा १९ मा राजपत्रांकित विशिष्ट श्रेणीको मुख्यसचिव पदमा बढुवा गर्दा बहालवाला सचिवहरुमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा छनोट गरी बढुवा गर्ने उल्लेख छ ।

प्रधानमन्त्री ओलीसँग निकट सम्बन्धका कारण सबैभन्दा बलियो दाबेदार थिए । बिहीबार उनी मुख्य सचिव बनेसँगै पहिलो नम्बरका सचिव ज्ञवाली ५ वर्षे सेवा अवधि पूरा गरेर २२ भदौमा अवकाशमा जाने छन् ।

*(स्रोत: अनलाइनखबर)*

# वनका कानुन संशोधन गर्न संसदीय समितिको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ बागमती प्रदेश उद्योग पर्यटन तथा वातावरण समितिले तत्काल वन तथा वातावरणसँग सम्बन्धित ऐन संशोधन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।



समितिको बुधवार बसेको बैठकले संघीय ऐनसँग बाझिएका प्रदेशका ऐन तत्काल संशोधनका लागि व्यवस्था मिलाउन निर्देशन गरेको हो । समितिका सभापति आनन्दकुमार श्रेष्ठले वन तथा वातावरण संरक्षणका विषय अति संवेदनशील भएकाले आवश्यक प्रक्रिया पूरा गरी ऐन संशोधन लागि पेस गर्न र सो बारे समितिलाई जानकारी गराउन निर्देशन गरेका हुन् ।

प्रदेश सरकारले २०७५ मा बनाएको प्रदेश वन ऐन संघीय सरकारले जारी गरेको राष्ट्रिय वन ऐनसँग बाझिएकाले हालसम्म कार्यान्वयनमा आउन सकेको छैन । ऐन कार्यान्वयनमा नआउँदा प्रदेश वन नियमावली निर्माण गर्न सकिएको छैन । नियमावली ड्राफ्ट भई मन्त्रालयमा नै थन्किएको छ । वन तथा वातावरणका संरचनाहरु अर्धन्यायिक निकाय भएकाले कानुनीरुपमा सशक्त र जिम्मेवार बनाउन ऐन संशोधनमा गम्भीर हुन बैठकले सुझाव दिएको हो ।

बैठकले कानुनी अप्ठेराका विषयहरु समाधान गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरेर नयाँ ढंगबाट अघि बढ्न अनुरोध गरेको छ । समितिको बैठकले प्रदेशको मन्त्रालयले वनक्षेत्रका कार्यक्रमलाई मात्र प्राथमिकता दिएका र वातावरण संरक्षणका विषय छुट्न गएकाले मन्त्रालयमा वातावरण महाशाखा र वन कार्यालयमा शाखा खडा गर्न निर्देशन दिएको छ ।

बैठकले आधिकारिक संरचना खडा भएपश्चात् वातावरण क्षेत्रका विभिन्न कार्यक्रम र विषय अघि बढाउन सहज हुने भएकाले आवश्यक व्यवस्थापनसहित महाशाखा र शाखा निर्माण गर्न निर्देशन दिएको हो । बैठकले मन्त्रालयमा आर्थिक अनुशासन र सुशासन कायम गर्न बेरुजु फछ्र्यौटमा गम्भीर हुन आग्रह गरेको छ । बेरुजुले कार्यसम्पादन मूल्यांकनमा समेत प्रभाव पार्ने भएकाले न्यूनीकरणमा जोड दिन आग्रह गरेको हो । बेरुजु न्यूनीकरणका लागि मन्त्रालयले आवश्यक कार्ययोजना निर्माण गरेर अघि बढ्न बैठकले सुझाव दिएको छ ।

# रानी सामुदायिक वनमा तीज विशेष कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/हिन्दु महिलाको महानपर्व हरितालिका तीजको अवसरमा रानी सामुदायिक वन उपभोक्ता समूह, चौघडाले तीज विशेष कार्यक्रमको आयोजना गरेको छ ।

हेटौंडा-६ का वडासदस्य विजय पौडेलको प्रमुख आतिथ्यता एवम् समूहका उपाध्यक्ष केशव धितालको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्वोधन गर्दै वडासदस्य पौडेलले महिलाको महत्वपूर्ण चाडको रुपमा रहेको तीजलाई धर्म र संस्कृतिको मर्म र भावनाअनुसार मनाउनुपर्नेमा जोड दिए । वडासदस्य पौडेलले भने 'नेपालीले मनाउने चाडपर्व विश्वको लागि अनुकरणीय रहेको छ, हामीले चाडपर्वलाई भड्किलो नबनाई साधारण तरिकाले मनाउनुपर्छ ।'



कार्यक्रममा वडासदस्य लेखराज ढकाल, नारीचेतना सहकारीकी अध्यक्ष राधिका गौतम, सृजना टोल विकास संस्थाकी अध्यक्ष जीवकुमारी पौडेल, सुनौलो महिला समूहकी अध्यक्ष पवित्रा रुम्बा, उन्नति महिला समूहकी अध्यक्ष विमलाकुमारी दंगाल, एकता महिला समूहकी अध्यक्ष गौरी सुवेदी, नमूना महिला समूहकी अध्यक्ष राधिका सापकोटा, समूहकी सचिव नानीमाया रुम्बा, कोषाध्यक्ष गोमा लामिछाने, कार्यालय सचिव भीमसेन पौडेल, विभिन्न समूहका पदाधिकारी, उपभोक्ता लगायतको सहभागिता थियो । समूहले दर खुवाउने कार्यक्रम गरेको थियो । समूहले हरेक वर्ष तीज विशेष कार्यक्रम गर्दै आएको छ ।

# एकीकृत समाजवादीको पोलिट्ब्यूरोमा उत्साहजनक युवा अनुहार



काठमाडौं/नेकपा एकीकृत समाजवादीको पोलिटब्यूरोमा उल्लेख्य संख्यामा युवा निर्वाचित भएका छन् । विधान अनुसार १०५ जनाको पोलिटब्यूरो बनाउनुपर्ने भएपनि आकांक्षी धेरै भएपछि एकीकृत समाजवादीले मतदानको विकल्प अपनाएको थियो ।

केन्द्रीय सदस्यहरुबीच मंगलबार पदाधिकारीसँगै पोलिटब्यूरो सदस्यका निम्ति समेत मतदान भएको थियो । १७ पदाधिकारीका लागि ६७ जनाको उम्मेदवारी परेको थियो भने पोलिटब्यूरो सदस्य बन्न २०२ जनाको उम्मेदवारी परेको थियो ।

पदाधिकारीमा केही अनपेक्षित नतिजा आएपनि जित्नेहरु पाका उमेर समूहकै नेता छन् । तर पोलिटब्यूरोमा भने ठूलै संख्यामा युवा निर्वाचित भएका छन् । विशेषगरी विद्यार्थी र युवा संघ पृष्ठभूमिका युवा नेताले पोलिटब्यूरो सदस्य जितेका छन् ।

विद्यार्थी राजनीतिबाट पार्टी केन्द्रीय कमिटीमा पुगेका सुदेश पराजुली, अशेष घिमिरे, गौतम राई, अब्दुल हुसेन खाँ, जीवन राई, मञ्जुकुमारी यादव लगायतले सहजै पोलिट्ब्यूरो सदस्य जितेका छन् । यी सबै नेताहरु सँगसँगै जसो विद्यार्थी राजनीतिमा थिए ।

सुदेश केही समय अघिसम्म अनेरास्ववियूका केन्द्रीय अध्यक्ष नै थिए । त्यसअघि एकीकृत समाजवादी बन्नु अगाडि अशेष, अब्दुल, जीवन, गौतम, मञ्जुहरु अनेरास्ववियुमै थिए ।

उनीहरुसँगै मोहन गौतम, लक्ष्मण लम्साल, नरेशकुमार शाही, हस्त शाही, लक्ष्मण केसीहरुले समेत पोलिटब्यूरो सदस्य जितेका छन् । ठूलै प्रतिस्पर्धामा जितेर पोलिटब्यूरोमा आएका यी सबै नेता युवा क्लस्टरका हुन् । एकीकृत समाजवादीले ४५ वर्ष भन्दा मुनिका उमेर समूहलाई युवा भन्ने गरेको छ ।

पोलिटब्यूरो जितेकी मञ्जु यादव आफ्नो युवा समूहका नेताहरुले पोलिटब्यूरो सदस्य जित्नुमा महत्वपूर्ण सन्देश रहेको बताउँछिन् । 'हाम्रो केन्द्रीय कमिटीकै चाहना पनि युवाहरु आउनुपर्छ भन्ने रहेछ । नत्र अधिकांश पाका उमेरका नेताहरुले मतदान गर्दा हामीले जित्ने थिएनौं' उनी भन्छिन् ।

अहिले पोलिट्ब्यूरोमा आएकाहरुसँग पुस्तान्तरणको एजेण्डा अगाडि बढाउनुपर्ने चुनौती रहेको यादव बताउँछिन् । 'आगामी दिनमा मूल नेतृत्वमै युवा स्थापित गराउने दायित्व पनि हामीले पाएका हौं, मत मात्र पाएका होइनौं', उनी भन्छिन् ।

यादवकै जस्तो निष्कर्ष गौतम राईले पनि सुनाए । 'लोकतान्त्रिक अभ्यास नगरिएको भए हाम्रो उमेर समूहबाट पोलिटब्यूरोमा आउने सम्भावना थिएन । तर धेरै युवाहरुले जितेका छौं', राईले भने, 'अहिले हामीलाई बधाई दिदा पनि अग्रज नेताहरुले अब आन्दोलन तिमीहरुले बढाउनुपर्छ भनिरहनु भएको छ । यो हामीप्रतिको विश्वास र अवसर हो ।'

विद्यार्थी राजनीति हुँदै पार्टीमा आएका अशेष घिमिरे पनि आफूले पोलिटब्यूरो सदस्य जित्नुमा राजनीतिक सन्देश रहेको बताउँछन् । 'जतिले जितेका छौं, संख्याका हिसाबले धेरै होइन । तर यसको सन्देश ठूलो छ', उनी भन्छन् ।

सबै उमेर समूहका नेताहरु मिलेर कम्युनिष्ट आन्दोलन अगाडि बढाउने अवसरका रुपमा युवाहरुले यो नतिजालाई स्वीकार्नुपर्ने उनी बताउँछन् । घिमिरेले भनेजस्तै पोलिटब्यूरो उमेर समूहका दृष्टिले हेर्दा निकै विविधता युक्त बनेको देखिन्छ ।

पदाधिकारीमा पराजित भएकाले डा.विजयकुमार पौडेल, जीवनराम श्रेष्ठ, रामकुमारी झाँक्री, केशवलाल श्रेष्ठ, नागेन्द्र चौधरी, राजन राई लगायतले पोलिटब्यूरो सदस्य जितेका छन् । पूर्वमुख्यमन्त्री दीर्घबहादुर सोडारी, पोखरा महानगरका मेयर धनराज आचार्यदेखि पूर्वमन्त्रीहरु बसन्त मानन्धरसम्म पोलिटब्यूरोमै छन् । कम्युनिष्ट पार्टीमा नीति सिद्धान्तबारे छलफल गरिने संरचनाका रुपमा रहने पोलिटब्यूरोलाई महत्वपूर्ण कमिटी मानिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# चाडपर्वमा मुल्यवृद्धि र गुणस्तरहीन वस्तु बिक्री नियन्त्रण गर्न गृहमन्त्रीको निर्देशन

काठमाडौं/गृहमन्त्री रमेश लेखकले चाडपर्व लक्षित कृतिम अभाव, कालाबजारी, मुल्यवृद्धि र गणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रण गर्न निर्देशन दिएका छन् । चाडपर्व लक्षित सहज आपूर्ति व्यवस्थापन, र प्रभावकारी बजार अनुगमन सम्बन्धि विषयमा सरोकार वालासँगको छलफलमा उनले यस्तो बताएका हुन् । 'कृतिम अभाव, कालाबजारी, मुल्यवृद्धि र गुणस्तरहीन वस्तु बिक्री वितरण नियन्त्रणका लागि हामी कहाँनिर सहयोग हुनसक्छौं । चाडपर्वको बेलामा दैनिक उपभोग्यका सामग्रीको सहज र सरल पहुँच हुनुपर्‍यो,' उनले भने।

यसपालिको चाडपर्वमा तीन-चार कुरामा परिणाम देखिने गरी काम गर्न गृहमन्त्री लेखकको निर्देशन थियो। 'कृतिम अभाव कुनै हालतमा पनि हुन भएन । कृतिम अभाव देखाउने कुरा कुनै हालतमा सह्य हुँदैन । त्यसका लागि हेर्ने निकाय को हेर्नुपर्‍यो । त्यसमा गृह मन्त्रालयले पुरा-पुर सहयोग गर्छ,' उनले भने ।

दसैं तिहारका बेला एकै रातमा हुने मुल्यवृद्धिलाई सुक्ष्म ढंगले हेरेर नियन्त्रण गर्न गृहमन्त्री लेखकले निर्देशन दिए । 'मुल्यवृद्धिको उचित कारण हुनुपर्‍यो नि ? उही सामान एक दिनअघि एउटा मुल्य छ, अर्को दिन अर्को मुल्य हुन्छ । यो कुरालाई सबैले गम्भीरताका साथ लिएर परिणाम आउने गरी काम गर्नुपर्‍यो,' उनले भने, 'गुणस्तरहीन खाद्यवस्तुहरुको बिक्री चाडबाडमै बिक्री गरिन्छ । गुणस्तरहीन वस्तु उपभोगत्ता कहाँ पुग्ने यही बेला हो । यसलाई कडाईका साथ हेर्न जरुरी छ ।'

सरोकारावाला पक्षमा समन्वय हुँला परिणाम दिन सकिने भन्दै चाडपर्वपछि बस्ने अर्को बैठकमा त्यसको मुल्यांकन हुने गृहमन्त्री लेखकले बताए । 'गृहमन्त्रालय एकतिर, बाणिज्य मन्त्रालय एकातिर, अनुगमन एकातिर, गणस्तर नापजाँच एकातिर भयो भने राम्रो हुँदैन । एकीकृत रुपमा काम गर्नुपर्‍यो,' उनले भने, 'अहिले छलफल भएका विषयमा कसलाई कहाँनिर सहयोग चाहिन्छ । तमतयार भएर सहयोग दिनुहोस् । परिणाम आउनु गरी काम गर्नुहोस् । चाडपर्व पछि आजको छलफलमा भएका कुराको मुल्यांकनका लागि हामी फेरि बैठक बस्छौं ।'

छलफलमा गृहसचिव एकनारायण अर्यालले सरकार भनेको प्रहरी भएको भन्दै बजार अनुगमनमा तीव्रता दिनुपर्ने बताए । उनले बाणिज्य विभागले सबै सहाय जिल्ला अधिकारीसँग जुम मिटिङ गरेर बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बताए । यसपालि दसैंमा सुपथ पसल बढाइने भन्दै कालोबजारी गर्नेमाथि निर्मम भएर कारबाही गरिने उनको भनाइ थियो ।

बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण संरक्षण विभागका महानिर्देशक राजन पौडेलले छलफलमा बजार अनुगमनको अवस्था, बजार अनुगमनको अपेक्षा, अत्यावश्यक दैनिक खाद्य तथा उपभोग्य वस्तुहरुको आपूर्तिबारे जानकारी गराएका थिए । यस्तै बजार अनुगमनको दोहोरोपना हटाएर सरकारले मुल्य निर्धारणको हक राख्नुपर्नेमा सरोकारवालाहरुको जोड थियो।

# सार्वजनिक यातायातमा एकमुष्ट कर प्रणाली लागू गर्नुपर्छः मन्त्री काफ्ले

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले सार्वजनिक सवारी साधनको हकमा एकमुष्ट कर प्रणाली लागू गर्नुपर्ने बताएका छन् ।



बिहीबार हेटौंडामा आयोजित लोकतान्त्रिक यातायात व्यवसायी संघको बागमती प्रदेश सम्मेलनमा बोल्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य समेत रहेका मन्त्री काफ्लेले एकमुष्ट कर प्रणालीमा समेट्न नसके यातायात क्षेत्रमा सुधार गर्न नसक्ने बताएका हुन् । उनले भने, 'सार्वजनिक यातायातमा विद्यार्थीलाई भाडादर छुटको व्यवस्था विद्यार्थी आन्दोलनको बलमा स्थापित भएको हो । यो शतप्रतिशत कार्यान्वयन हुनुपर्छ । यस क्षेत्रमा देखिएका हरेक समस्या समाधानका लागि सकारात्मक रुपमा काम गर्न मन्त्रालय तयार छ ।'

सार्वजनिक सवारी साधनको न्यूनतम मापदण्ड तोकिनुपर्ने र लोकतन्त्रमा समस्याको समाधान घटना घट्नुभन्दा सम्भावित घटनाको परिकल्पना गरेर त्यसलाई न्यूनीकरण गर्नेतर्फ सरकार लाग्नुपर्नेमा जोड दिए ।

# एनसेललाई सरकारले दियो चार किस्ताको सुविधा, ब्याजबापत थप चार अर्ब भार

काठमाडौं/सरकारले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेललाई लाइसेन्स नवीकरण शुल्क वापत तिर्नुपर्ने रकम चार किस्तामा बुझाउन सक्ने सुविधा दिएको छ ।

बिहीबार बसेको मन्त्रि परिषद बैठकले चार किस्तामा शुल्क तिर्ने सुविधा दिए पनि दोस्रो, तेस्रो र चौथो किस्ताको रकममा १० प्रतिशत ब्याज लिने निर्णय गरेको सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

एनसेलले लाइसेन्स नविकरणका लागि तिर्नुपर्ने २० अर्ब रुपैयाँमध्ये पहिलो किस्ताबापतको चार अर्ब रुपैयाँ भुक्तानी गर्दै गत जेठ १४ मा नविकरणका लागि निबेदन दिएको थियो । सरकारले एनसेलको माग बमोजिम किस्ताबन्दी सुविधा दिएपनि ब्याज तिर्नुपर्ने नयाँ सर्त अगाडी सारेको छ । जसका कारण एनसेललाई अतिरिक्त चार अर्ब रुपैयाँ भार पर्ने भएको छ ।

सरकारले सरासर अन्याय गरेको एनसेलका एक अधिकारीले बताए । 'सरकारले कहिल्यै पनि समान व्यवहार गरेको थिएन र यो पाली पनि नगरेका स्पष्ट देखियो । नेपाल टलिकमलाई यस्तै तेस्रो पटकको अनुमतिपत्र नविकरण गर्दा ५ वर्ष ढिला हुँदा पनि कुनै शुल्क र जरिवाना र ब्याज नलिई २० अर्व मात्र लिइएको थियो । फेरी पहिलो र दोस्रो नविकरणको किस्ता सुविधाको बेलामा पनि कुनै ब्याज र जरिमाना लगाइएको थिएन,' स्रोतले भन्यो । एनसेललाई भने १० प्रतिशत ब्याज लिएर विभेद गरिएको उनको भनाइ छ ।

आफुहरु २० अर्ब रुपैयाँ तिर्न तयार भए पनि सरकारले अतिरिक्त ४ अर्ब दायित्व थपिदिएकाले त्यसलाई नस्वीकार्ने प्रतिक्रिया उनले दिएका छन् ।

'शुक्रबार हामीले औपचारिक धारणा दिन्छौं होला तर अहिलेलाई यति भन्न सकिन्छ कि सरकारले किस्ताबन्दीमा ब्याज लिने कुरा गरेर अन्याय गरेको छ, एनसेलका एक अधिकारीले भने- 'न्यायका लागि कुन उपाय खोज्ने भन्नेबारे औपचारिक निर्णय लिएपछि भन्न सकिन्छ ।'

# 'एक्टर'को पोस्टरमा घाइते देखिए प्रदीप

काठमाडौं/अभिनेता प्रदीप खड्कालाई मुख्य भूमिकामा लिएर बनेको फिल्म 'एक्टर'को एक साताअघि फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको थियो । जसमा प्रदीप पाँच भिन्न चरित्रमा प्रस्तुत थिए । तर, उक्त पोस्टर युट्युबका लागि बनाउने थम्बनेलभन्दा पनि कमजोर रहेको भन्दै टिप्पणी भयो । प्रदीपले टाउकोमा ब्यान्डेज बाँधेको गेटअप बलिउड फिल्म 'जवान'बाट प्रभावित भएको आरोप समेत लाग्यो ।

फर्स्टलुक पोस्टरलाई लिएर आलोचना भएपछि निर्माण टिमले बिहीबार दोस्रो पोस्टर सार्वजनिक गरेको छ । यसमा पनि प्रदीप मात्र प्रस्तुत छन् । उनको अनुहारभरि चोटैचोट देखिन्छ । घाँटीबाट रगत चुहिरहेको छ । कालो टिसर्ट र लामो कपालमा देखिएका उनी कसैको भौतिक आक्रमणमा परेको प्रष्ट बुझ्न सकिन्छ । फिल्ममा उनले कलाकारकै भूमिकामा अभिनय गरेको जानकारी प्राप्त छ ।

कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शन हुन लागेको 'एक्टर'लाई राजन भुसालले निर्देशन गरेका हुन् । उनको यो डेब्यु निर्देशकीय फिल्म हो । प्रदीपसहित आना शर्मा, राजवल्लभ कोइराला, दिव्या रायमाझी, दिव्य देव, सुशील सिटौला लगायतको पनि अभिनय रहेको फिल्मका निर्माता थमन कुमार भण्डारी हुन् । क्रियटिभ प्रोड्युसर मोती कार्की र लाइन प्रोड्युसरमा तोरन क्षेत्री रहेका छन् ।

आकाश बराल र निर्देशक भुसालको लेखन रहेको फिल्मलाई नरेन्द्र मैनालीले खिचेका छन्। अदृत फिल्मस तथा मोती फिल्मसको प्रस्तुति रहेको फिल्ममा शिशिर खाती र किरण थापा नृत्य निर्देशन, अष्ट महर्जनको द्वन्द्व निर्देशन, निमेश श्रेष्ठको सम्पादन र एलिस कार्कीको संगीत छ ।

# चलचित्र विकास बोर्डको अध्यक्षमा दिनेश डिसी नियुक्त

काठमाडौं/निर्देशक तथा कलाकार दिनेशराज दाहाल (डिसी) नेपाली फिल्म क्षेत्रको सर्वोच्च निकाय चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्त भएका छन् । बिहीबार बसेको मन्त्रिपरिषद्रु बैठकले उनलाई बोर्ड अध्यक्षमा नियुक्त गरेको हो । अबको २ वर्ष उनले बोर्ड हाँक्नेछन् । फिल्म क्षेत्रमा उनी विगत तीन दशकदेखि सक्रिय छन् ।

बोर्ड अध्यक्षका लागि आवेदन दिएका ६ जनामध्ये डिसीसहित दीपा पाण्डे बस्नेत र राजेश थापाको नाम तालुकवाला निकाय सञ्चार मन्त्रालयले मन्त्रिपरिषद्मा सिफारिस गरेको थियो । सबैभन्दा अगाडि डिसीले नै आवेदन दिएका थिए । र, सुरुदेखि नै उनलाई बोर्ड अध्यक्षको बलियो दाबेदार मानिएको थियो ।

दिनेश प्रधानमन्त्री केपी शर्मा ओलीसँग सीधा पहुँच राख्न सक्ने फिल्मकर्मी हुन् । यसअघि एमाले सरकारमा हुँदा पनि उनलाई बोर्ड अध्यक्ष बनाउन ओली आफैंले इच्छा देखाएका थिए । तर, त्यसबेला डिसीले इच्छा देखाएनन् । यसपटक भने एमाले सरकारमा आएलगत्तै उनले बोर्ड अध्यक्ष बन्न लबिङ सुरु गरेका थिए । र, प्रधानमन्त्री ओलीसँग उनको पटकपटक भेट भएको थियो ।

एमाले निकट जनपक्षीय चलचित्रकर्मी संघको अध्यक्ष तथा चलचित्र निर्देशक समाजका पूर्व अध्यक्ष समेत रहेका डिसी टेलिभिजन र रेडियो कार्यक्रम प्रस्तोताको रुपमा पनि चर्चित छन् । सन् १९९७ मा रिलिज भएको फिल्म 'सुनचाँदी'बाट अभिनय यात्रा सुरु गरेका उनले ५० बढी फिल्ममा अभिनय गरिसकेका छन् ।

सन् २००६ मा आएको फिल्म 'सावधान'बाट निर्देशन करिअर सुरु गरेका उनले त्यसपछि 'दाईको ससुराली', 'मायाज् बार', '६ एकान ६' हुँदै पछिल्लो पटक 'फूलै फूलको मौसम तिमीलाई' निर्देशन गरेका थिए ।

२०७९ सालमा उनले आफ्नो निर्देशनमा नयाँ फिल्म 'सर्वजीत' बनाउने घोषणा गरेका थिए । तर, यो फिल्म निर्माण हुन सकेको छैन । उनी चाँडै फिल्म 'एक्लो'मा काम गर्दैछन् ।

बोर्ड अध्यक्ष हाँक्ने जिम्मेवारी पाएसँगै डिसीसामु चुनौतीको चाङ छन् । नाम मात्रको बनेको बक्स अफिसलाई कार्यान्वयन गर्नुपर्ने, नयाँ ऐन पास गर्न पहल गर्नुपर्ने, सञ्चार मन्त्रालयको कठपुतली बनेको बोर्डलाई स्वायत्त बनाउनु पर्ने जस्ता विषय उनको कार्यकालको चुनौतीको रुपमा रहनेछ । फिल्म क्षेत्रको समस्या नजिकबाट बुझेकाले उनीप्रति फिल्मकर्मीहरुको ठूलो अपेक्षा देखिएको छ ।

*(फिल्मीखबर)*

# गौरीटार रंगशालाको निर्माण समयमै सक्न मन्त्री महर्जनको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ हेटौंडा-६, स्थित निर्माणाधीन गौरीटार रंगशालाको निर्माणकार्य निर्धारित समयभित्रै सम्पन्न गरिसक्न बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले निर्देशन दिएका छन् ।

उनले बिहीवार रंगशाला परिसरको स्थलगत अनुगमन गर्दै खेलकुद पूर्वाधार निर्माणको काम निर्धारित समयभित्रै सम्पन्न गर्न सम्बन्धित कार्यालय र निर्माण कम्पनीलाई निर्देशन दिएका हुन् । महर्जनले सम्बन्धित कार्यालयका प्रमुख, निर्माण व्यवसायी कम्पनीका प्राविधिक लगायतको टोलीसँगै रंगशालाको स्थलगत अवलोकन गरी निर्माणकार्य चाँडै सम्पन्न गर्न र मर्मत सम्हारतर्फ पनि ध्यान दिन निर्देशन दिएका हुन् ।

खेलकुद पूर्वाधार समयमै नबन्दा खेलकुदसँग सम्बन्धित गतिविधि अगाडि बढाउन कठिनाई भएको भन्दै यथासक्य चाँडो निर्माण सम्पन्न गर्नुपर्नेमा उनले जोड दिए । वर्षौं अघि सुरु भएतापनि हालसम्म निर्माणको कामले पूर्णता नपाउँदा निर्माणाधीन संरचनामा समेत टुटफुट तथा अन्य समस्या देखिएको छ । प्याराफिटमा राखिएका कुर्सीहरु भाँचिएका छन् भने ढोकाहरु कुहिने अवस्थामा पुगिसकेको छ ।

स्थलगत अवलोकनका क्रममा सामाजिक विकास कार्यालय हेटौंडाका प्रमुख गोपाल कँडेलले फुटबल प्याराफिट निर्माणकार्य करिब ९५ प्रतिशत सम्पन्न भइसकेको जानकारी दिँदै अब निर्माणकार्यमा तीब्रता दिइने बताए । तत्कालीन अवस्थामा सामाजिक विकास मन्त्रालय मातहतको सामाजिक विकास कार्यालयमार्फत् पूर्वाधार निर्माणको काम सुरु भएको थियो । प्रदेशमा युवा तथा खेलकुद मन्त्रालय स्थापनापूर्व प्रदेश खेलकुद विकास परिषद् सामाजिक विकास मन्त्रालय मातहत थियो ।

गौरीटारस्थित फुटबल मैदान काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालापछि दोस्रो ठूलो मैदान हो । मैदान र प्याराफिट निर्माणको कार्य गत आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको भएपनि केही ढिलो हुन गएको र अब चाँडै



सम्पन्न गरिने कार्यालयप्रमुख कंडेलले बताए । फुटबल रंगशालामा ४ हजार ५०० दर्शक क्षमताको प्यारापिट निर्माणको काम अन्तिम चरणमा पुगेको छ । रातको समयमा समेत फुटबल प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरी काम भइरहेको उनको भनाइ छ । फुटबल रंगशाला निर्माण सम्पन्न गर्न करिब ३० करोड रुपैयाँ लाग्ने अनुमान छ ।

अवलोकनका क्रममा प्रदेश खेलकुद विकास परिषद्का प्रमुख बद्रीपाठक, प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौंलागाईं, मन्त्रालयका इन्जिनियर निमेश बर्तौलालगायत सरोकारवालाको उपस्थिति थियो । २३ बिगाहा क्षेत्रफलमा रहेको रंगशाला निर्माणमा करिब ५ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । यसमा फूटबल मैदानसँगै पौडीपौखरी, क्रिकेट, एथलेटिक्सका लागि पूर्वाधार, फिटनेस सेन्टरलगायत २१ वटा खेलसंरचना निर्माण भइरहेका छन् ।

रंगशालाभित्र खेलाडीका लागि छुट्टै कोठाहरु, आवासगृह, शौचालय, मिडिया सेन्टरका लागि विशेष कक्ष, प्रतियोगिता सञ्चालनको क्रममा हुनसक्ने सम्भावित दुर्घटना र खेलाडीलाई लाग्न सक्ने चोटपटकको उपचारका निम्ति चिकित्सक बस्ने छुट्टै कक्ष लगायत थुप्रै पूर्वाधार बन्ने जनाइएको छ ।

## हेटौंडा-१६ मा महिला हिंसाविरुद्ध सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ महिलाको महानपर्व हरितालिका तीजको पूर्वसन्ध्यामा हेटौंडा-१६ मा महिलाहिंसाबिरुद्धको तीज बिषेश कार्यक्रम सञ्चालन भएको छ ।

महिला जागरण समूहको आयोजना तथा १६ नम्बर वडा कार्यालयको सहयोगमा आयोजित कार्यक्रमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख लामाले पर्वलाई उत्ताउलो नबनाउँन आग्रह गरिन् ।

उनले महिलाअधिकारका कुरालाई अघि बढाउँदै पर्व मनाउँने र आफू अब्बल बन्नेतर्फ ध्यान दिन सुझाव दिइन् । महिलालाई अघि बढाउँनका लागि उपमहानगर पालिकाले बिभिन्न कार्यक्रम अघि बढाएको बताइन् । आयआर्जनका काममा जोडिएर आर्थिकरुपमा सबल बन्नेतर्फ ध्यान दिन आग्रह गरिन् ।

# लोकतान्त्रिक यातायात संघको बागमती अध्यक्षमा सुवेदी

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघ बागमती प्रदेशको अध्यक्षमा चितवनका रामप्रसाद सुवेदी सर्वसम्मत चयन भएका छन् ।

हेटौंडामा बिहीवार भएको संघको बागमती प्रदेश प्रथम अधिवेशनबाट सुवेदीको अध्यक्षतामा १७ सदस्यीय कमिटी चयन भएको हो । संघको उपाध्यक्षमा मकवानपुरका कपिलबहादुर बानियाँ, महासचिव काठमाडौंका नारायण श्रेष्ठ, सहसचिव सिन्धुलीका इन्द्रप्रसाद ढुंगेल, कोषाध्यक्षमा नुवाकोटका ईश्वरलाल श्रेष्ठ पदाधिकारी चयन भए ।

सदस्यमा काभ्रेका राजसुन्दर श्रेष्ठ र कविरकुमार रंजितकार, चितवनका बद्रीप्रसाद पौडेल, नुवाकोटका हरिचन्द्र अमात्य, र सुवाका गोपाल तामाङ, काठमाडौंका किसनकुमार रोक्का र यामबहादुर कार्की, दोलखाका केदार सापकोटा, धादिङका सीताराम भट्ट र गणेश श्रेष्ठ, रामेछापका हरिकृष्ण बस्नेत र मकवानपुरका नवराज घिमिरे चयन भएका छन् ।

नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक व्यवसायी संघ बागमती प्रदेशको प्रथम अधिवेशनमा संघका संयोजक विजयबहादुर स्वारको सभाध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाको प्रमुख आतिथ्यतामा भएको थियो । मुख्यमन्त्री लामाले व्यवसायीको समस्या समाधान गर्न प्रदेश सरकार तत्पर रहेको बताए । उनले व्यवसायलाई कसरी व्यवस्थित गर्ने र अगाडि बढाउने भन्नेमा आफू सधैं सकरात्मक रहेको भन्दै राज्य र व्यवसायी मिलेर विद्यमान समस्यालाई सुधार गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बागमती प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, नेपाली कांग्रेस बागमती प्रदेश प्रमुखसचेतक गोबिन्द लम्साल, नेपाली कांग्रेसका जिल्ला सभापति बुद्ध लामा, मकवानपुर उद्योग वाणिज्य संघ जिल्ला अध्यक्ष कृष्णकुमार गुप्ता लगायतको सहभागिता रहेको थियो ।

# थाहाका खेलाडीले साउथ एसिएन करातेमा जिते ३ स्वर्ण

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ काठमाडौमा भएको साउथ एशियन खुल्ला अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा थाहाको नेपाल गोजुरियो कराते दो संघका खेलाडीले ३ स्वर्णपदक सहित १० वटा पदक जित्न सफल भएका छन् ।




नेपाल गोजुरियो कराते दो संघको आयोजनामा त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको हलमा भदौ १२ र १३ गते आयोजित प्रतियोगितामा थाहाका खेलाडी सुस्मिता दोङले ३५ किलो तौलसमुहमा स्वर्णपदक हात पारिन् । त्यस्तै ५० किलो तौलमा आशा मोक्तान र ५५ किलो तौलसमुहमा प्रमिला थोकरले स्वर्णपदक प्राप्त गरेको प्रशिक्षक मानसिं दोङले जानकारी दिए ।

शाखा दोजो थाहाबाट २६ जना खेलाडीले विभिन्न तौलसमुहको प्रतियोगितामा भाग लिएकोमा खेलाडी डेनी वाइवा, सन्तोष गोपाली, शान्तराम अधिकारी र सन्जिता गोलेले रजतपदक हातपार्दा सुमन घिमिरे, निशा स्याङ्तान र सन्ध्या रुम्बाले कास्यपदक जितेका छन् ।

प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, भुटानका ३ सय ८५ खेलाडीको सहभागिता रहेको थियो । प्रतियोगितामा बिजेता खेलाडीलाई प्रमुखअतिथि राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले मेडल प्रदान गरेका थिए ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**

अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

**ओम फ्रेस मिट सप**

**तपाईंको सेवामा**






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

**ओम फ्रेस मिट सप**

हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)

सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१



DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "

**हाम्रो ई.भी. सेवा**

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना